

# PRISM

## Poverty Reduction of Informal Workers in Solid Waste Management Sector

Urbanisation is increasing at an alarming rate with an increase from 3 to 17 per cent in the last five decades. Due to lack of appropriate employment opportunities, a large number of workers in informal economy are engaged in municipal Solid Waste Management (SWM) sector. It is estimated around 10,000 to 15,000 waste pickers and 700 to 800 *Kabadis* (waste/scrap dealers) are engaged as informal workers in Kathmandu Valley. Although these workers play a vital role in dealing with the waste generated in the valley, the profession harbours negative stigma unrecognised by the society as well as the local and state authorities.



Urban waste pickers are among the poorest in Kathmandu Valley. They live in squalors mostly on the riverbanks. Poor hygiene practices and compromised living conditions make them vulnerable to various life threatening diseases. Waste workers are often exploited socially and economically. They find it hard to fight this exploitation due to a range of factors including their lack of bargaining power, illiteracy, lack of market information, and lack of skills and technology which can help them add value to the materials they collect and recycle. None of the current policies or plans includes social protection provisions which could help improve the situation, and raise the status of the profession.

To address the situation, Practical Action is implementing PRISM project directly benefiting 4,000 (35 per cent women) Informal Waste Workers (IWWs) within five municipalities of Kathmandu Valley -- Kathmandu Metropolitan City; Lalitpur Sub Metropolitan City; Bhaktapur Municipality; Madhyapur Thimi Municipality; and Kirtipur Municipality.

EUROPEAN UNION

PRACTICAL ACTION
Technology challenging poverty

## Objective

The overall objective of the Action is to improve the living conditions of informal workers in the solid waste management sector in Nepal. The specific objective is to enhance social protection of the informal workers and vulnerable groups dependent on solid waste for their livelihoods .

## Outcome

- Income of IWWs will be increased by 30 per cent through better bargaining power and enhanced knowledge to add value on recyclable wastes to get better price
- Improved health of 4,000 IWWs through basic safety equipment use and safe hygiene practices
- 2,000 IWWs will be formally recognised for their services in SWM by the municipalities
- 4,000 IWWs will benefit from social protection schemes
- 500 IWWs will have access to finance through saving groups
- Recognition of IWWs and social protection to them will be included in the revised Solid Waste Management Act and Policy

## Project Implementing Partner and Associates

1. Centre for Integrated Urban Development (CIUD) - implementing partner
2. Solid Waste Management and Resource Management Centre (SWMRMC)
3. UN-Habitat Water for Asian Cities Programme Nepal
4. Nepal Reuse and Recyclable Goods Entrepreneurs Association (NRRGEA)

## Project Budget

The project period is 36 months starting from June 2011 and ending on May 2014.

The total project budget is €1,566,406 out of which 80 per cent is provided by the European Union under its Investing in People Programme.



## Expected Results (ER)

*ER 1)* Strengthened capacities of non-state actors and other stakeholders to engage effectively with target groups for social recognition and piloting innovative social protection schemes.The Action will closely work with relevant stakeholders, introduce and enhance capacities of the stakeholders to use a computerised system and to maintain the GIS database of IWWs, and issue identity cards for IWWs. The Action will undertake participatory approaches for identification of appropriate social protection schemes and pilot innovative schemes in consultation and collaboration with the relevant stakeholders.

**Key activities:** Conduct baseline study and develop Management Information System (MIS) of IWWs; strengthen/establish IWWs groups; develop standards practices and computerised system to include/register IWWs within the SWM system; issue identity cards for IWWs; conduct studies and exposure visits and provide technical and financial support to pilot innovative social protection schemes.

*ER 2)* Enhanced technical and entrepreneurial skills of the informal sector workers and vulnerable groups in solid waste management for better incomes, secured livelihoods and safer working environment. Through the key activities mentioned below, the Action will conduct behavioral change campaigns to change the perceptions of not only informal workers but also the society to convert the social attitude towards the profession. To increase awareness on personal health hygiene and Occupational Safety and Health (OSH), the Action will conduct a study on OSH of waste workers and identify adequate preventative measures through awareness programmes, skills training, and provisions for basic safety equipment handling.

**Key activities:** Conduct market study; provide enterprise and skill development training; provide technical skills to start up small scale enterprises; conduct Knowledge, Attitude and Practices (KAP) study and behavioral change campaigns, conduct informal education for IWWs, conduct OSH study and awareness raising campaigns; and provide basic safety equipment and training to IWWs for preventative measures.

*ER 3)* Strengthened solid waste market system to become more inclusive and pro poor. The Action will apply Participatory Market Systems Development (PMSD) approach and will build capacities of key market actors to address a wide range of emerging and evolving issues without the assistance of the project. The Action will work across the value chain through key advantageous points such as private services and input providers, national public agencies and public and private waste management organisations. The stakeholders will participate on exposure visits and training on recycling and financial management to enhance their capacities and empower them for inclusive SWM.

**Key activities:** Conduct participatory market mapping, prepare joint action plan to develop and promote key services, inputs and policy review; and provide technical backstopping to stakeholders for promoting new and innovative services appropriate for IWWs and vulnerable groups.

*ER 4)* Developed and disseminated key learning documents and collaborated amongst SWM informal sector workers for inclusive social protection to influence policy makers and other stakeholders.This Action pilots some innovative social protection schemes to recognise IWWs and their contribution on SWM by the society, government, and the municipalities. As an effective tool to influence, key learning documents, successful case studies and Participatory Videos (PV) will be produced and disseminated. The Action comes up with recommendations for inclusion and recognition of IWWs as well as social protection schemes of the IWWs to incorporate in the revised policy of the government.

**Key activities:** Develop PV, case studies and knowledge products from the piloted schemes; review existing SWM practices and policies; and develop and disseminate policy briefs targeted at key policy gaps to influence on inclusive social recognition and protection.

**For further information**
Practical Action Nepal Office, PO BOX 15135, House no. 2677
Narayan Gopal Sadak, Maharajgunj, Kathmandu, Nepal
Tel: +977 1 4720761, 4720803, E info@practicalaction.org.np, Web www.practicalaction.org



# प्रीज्म

## फोहर व्यवस्थापन क्षेत्रका अनौपचारिक कामदारको गरिबी निवारण परियोजना

### उद्देश्य

परियोजनाले नेपालको फोहर व्यवस्थापन पेसामा लागेका अनौपचारिक कामदारको जीविकोपार्जनमा सुधार ल्याउने मुख्य उद्देश्य लिएको छ । साथै काठमाडौं उपत्यकाका ५ वटा नगरपालिकामा फोहर व्यवस्थापन क्षेत्रको जोखिमपूर्ण काममा आधारित समूहको सामाजिक संरक्षण बढाउने लक्ष्य पनि लिएको छ ।

### उपलब्धिहरू

- पुनर्उपयोग गर्ने फोहरको उचित मूल्य निर्धारण गर्नका लागि फोहर व्यवस्थापनमा संलग्न कामदारको मोलमोलाई गर्ने क्षमता तथा ज्ञानमा अभिवृद्धि गरी उनीहरूको आम्दानीमा ३० प्रतिशत वृद्धि हुनेछ
- व्यक्तिगत सरसफाइ, सुरक्षित सरसफाइका सामग्री र सामाजिक संरक्षण योजनामार्फत् ४ हजार फोहर व्यवस्थापन पेसामा संलग्न कामदार लाभान्वित हुनेछन्
- नगरपालिकाले २ हजार फोहर व्यवस्थापन कार्यमा संलग्न कामदारको औपचारिक रुपमा पहिचान गर्नेछन्
- बचत समूहमार्फत् ५ सय फोहर व्यवस्थापनमा संलग्न कामदारको वित्तीय क्षेत्रमा पहुँच हुनेछ
- पुनरावलोकन गरिएको फोहर मैला व्यवस्थापन नीति र ऐनमा फोहर व्यवस्थापनमा संलग्न कामदारको सामाजिक संरक्षण र पहिचानलाई समावेश गरिनेछ

### परियोजना साझेदार तथा संलग्न संस्थाहरू

१. एकीकृत शहरी विकास केन्द्र - साझेदार
२. फोहर मैला व्यवस्थापन तथा स्रोत परिचालन केन्द्र
३. युयन हाविट्याट
४. नेपाल पुनर्प्रयोग योग्य बस्तु व्यवसायी संघ

### परियोजनाको बजेट र अवधि

परियोजनाको कूल बजेट €१५,६६,४०६ (पन्ध्र लाख छैसट्ठी हजार चार सय छ यूरो) रहेको छ । जसमध्ये इन्भेष्टिङ इन पिपुल कार्यक्रम अन्तर्गत युरोपियन युनियनले ८० प्रतिशत र बाँकी २० प्रतिशत प्राक्टिकल एक्शनले व्यवस्था गर्नेछ । परियोजनाको समयावधि ३६ महिना रहेको छ ।



विगत ५ दशक यता ३ देखि १७ प्रतिशतको हाराहारीमा शहरीकरण बढीरहेको छ । वैकल्पिक र उपयुक्त रोजगारीको अवसर नपाउदा धेरै मानिसहरू अनौपचारिक रुपमा नगरपालिकाको फोहर व्यवस्थापन पेसामा लागेका छन् । काठमाडौं उपत्यकामा मात्रै झण्डै १० देखि १५ हजारसम्म फोहर र ७ देखि ८ सयसम्म कवाडी उठाउने व्यक्तिहरू यस पेसामा संलग्न रहेको अनुमान गरिएको छ । फोहर व्यवस्थापनमा यस्ता कामदारको सेवा नभै नहुने र महत्वपूर्ण भएतापनि यस पेसालाई नत राज्यले आधिकारीक रुपमा पहिचान गरेको छ नत स्थानीय निकायले नै । अझ फोहर व्यवस्थापनमा काम गर्ने पेसालाई नकारात्मक रुपमा हेरिने गरिन्छ ।



काठमाडौं उपत्यकामा फोहर उठाउने व्यक्तिहरू शहरी जनसङ्ख्यामध्येका निकै जोखिमपूर्ण समूहमा पर्दछन् । खासगरि उनीहरू नदीकिनार तथा फोहर भएका स्थानमा बसोबास गर्दछन् । जोखिमपूर्ण सरसफाइको अभ्यास र बसोबासले गर्दा जीवनलाई नै चुनौती दिने जस्ता रोग लाग्न सक्ने सम्भावनाबाट उनीहरू ग्रसीत छन् । यसैगरी फोहर तथा कवाडी सामानहरूमा मोलमोलाई गर्ने क्षमताको कमी, फोहरलाई पुनर्प्रयोगमा लैजाने सीप र प्रविधिको अभाव, बजार सूचनाका कमीले उनीहरूमाथि सामाजिक र आर्थिक शोषण भैराखेकोछ । यस पेसामा देखिएको नकारात्मक सोच हटाउन र वर्तमान अवस्थामा सुधार ल्याउनका लागि राज्यले उनीहरूको संरक्षण योजना र नीतिनिर्माण गर्न जरुरी छ ।

यस समस्यालाई सम्बोधन गर्नका लागि प्राक्टिकल एक्शनले काठमाडौं उपत्यकाका कीर्तिपुर, मध्यपुर ठिमी, भक्तपुर नगरपालिका तथा ललितपुर उपमहानगरपालिका र काठमाडौं महानगरपालिकाका ४ हजार फोहर उठाउने पेसामा संलग्न कामदारका लागि प्रीज्म परियोजना सञ्चालन गरेको छ । परियोजनाले कूल लाभान्वित जनसङ्ख्यामा ३५ प्रतिशत महिलालाई प्राथमिकतामा राखेको छ ।

*अपेक्षित उपलब्धि १:* गैरसरकारी निकाय र अन्य सरोकारवालाको क्षमता अभिवृद्धि गरी उनीहरूलाई लक्षित समुदायको सामाजिक पहिचान गर्नका लागि नवीन सामाजिक संरक्षण योजनाको परीक्षणमा समावेस गरिनेछ । परियोजनाले फोहर व्यवस्थापन पेसामा लागेका कामदारको परिचयपत्र बनाउन, जिआइयस डाटावेस व्यवस्थित गर्न र कम्प्युटर प्रणालीको प्रयोग गर्नका लागि सरोकारवालाको क्षमता अभिवृद्धि गरी उनीहरूसँग नजिकमा रहेर काम गर्नेछ । यसले फोहर व्यवस्थापन पेसामा संलग्न कामदारको पेसाप्रतिको आत्मविश्वास, सम्मान र स्वतन्त्रतालाई सुनिश्चित गर्नेछ । परियोजनाले उपयुक्त सामाजिक संरक्षण योजनाको पहिचान र सम्बन्धित सरोकारवालाको सहकार्य र सल्लाहमा नविनतम योजना परीक्षणका लागि सहभागीतामूलक पद्दति अनुरुप काम गर्नेछ ।

**मुख्य गतिविधि:** फोहर व्यवस्थापन पेसामा संलग्न कामदारको सूचना प्रणालीको व्यवस्थापनमा विकास गर्ने र त्यसका लागि प्रारम्भिक अध्ययन गर्ने, फोहर व्यवस्थापन पेसामा लागेका कामदारको समूह गठन र सवलीकरण गर्ने, यस पेसामा लागेका कामदारहरूको अभिलेख राख्न तथा समावेश गर्नका लागि कम्प्युटर प्रणाली र अभ्यासको विकास गर्ने, कामदारको परिचयपत्र जारी गर्ने, नवीन सामाजिक संरक्षण योजनाको परीक्षणका लागि प्राविधिक र आर्थिक सहयोग उपलब्ध गराउने र उपयुक्त सामाजिक संरक्षण योजनाको पहिचानका लागि अध्ययन भ्रमण गर्ने ।

*अपेक्षित उपलब्धि २:* फोहर व्यवस्थापन पेसामा संलग्न कामदार र जोखिमपूर्ण समूहहरूको सुरक्षित कामको वातावरण, साथै प्राविधिक र उद्यमशील सीपमूलक तालिममार्फत् लक्षित समुदायको क्षमता अभिवृद्धि गरी जीविकोपार्जनलाई सुनिश्चित गर्ने, आयआर्जनको लागि समन्वय र सहयोग प्रदान गर्नेछ । फोहर व्यवस्थापन पेसामा संलग्न कामदार र समाजको यस पेसाप्रतिको व्यवहार तथा धारणा परिवर्तनका लागि विभिन्न अभियान सुरु गरिनेछ । समस्यालाई सम्बोधन गर्नका लागि परियोजनाले चेतनामूलक कार्यक्रम, सीपमूलक तालिम, आधारभूत सरसफाइका सामग्रीको परिचालन विधिमार्फत् यस क्षेत्रमा संलग्न कामदारको उपयुक्त सुरक्षित संयन्त्रका बारेमा अध्ययन गर्नेछ ।

**मुख्य गतिविधि:** बजारको अध्ययन गर्ने, सीप विकास र उद्यमशील तालिम प्रदान गर्ने, लघु उद्यम शुरुवात् गर्नका लागि प्राविधिक सीप प्रदान गर्ने, व्यवहार परिवर्तनका अभियान र ज्ञान, धारणा र अभ्यासका बारेमा अध्ययन गर्ने, फोहर व्यवस्थापनमा संलग्न कामदारको लागि अनौपचारिक शिक्षा सञ्चालन गर्ने, चेतनामूलक तथा पेसा सुरक्षा र स्वास्थ्य सम्बन्धित अभियानको आयोजना गर्ने, सुरक्षित संयन्त्रका लागि यस्ता कामदारलाई तालिम र आधारभूत सुरक्षा सामग्री प्रदान गर्ने ।

*अपेक्षित उपलब्धि ३:* फोहर व्यवस्थापन बजार प्रणालीलाई सवलीकरण, समावेशी र गरिबोन्मुख बनाइनेछ । यस कार्यले सहभागीतामूलक बजार प्रणाली विकास पद्दतिअनुरुप मख्य मुद्दालाई सम्बोधन गर्नका लागि संयुक्त प्रयासको विकास गर्ने, एकअर्कामा उनीहरूको आवश्यकता स्पष्ट पार्ने, संयुक्त रुपमा कामको थालनी गर्नका लागि सम्बन्धको विस्तार गर्ने, र मुख्य बजारकर्ताको क्षमता अभिवृद्धि गर्नेछ । यस परियोजनाले सार्वजनिक तथा निजी फोहर व्यवस्थापन संस्था, राष्ट्रिय सार्वजनिक निकाय, सहयोगदाता, निजी क्षेत्रका सेवा प्रदान गर्ने निकायमार्फत् शृङ्खलाबद्ध तरिकाले काम गर्नेछ । समावेशी फोहर व्यवस्थापनका लागि सरोकारवालाहरूलाई अध्ययन भ्रमण, फोहरको पुनर्प्रयोग तालिम र वित्तीय व्यवस्थापनमा सहभागी बनाइ सशक्तीकरण र क्षमता अभिवृद्धि गरिनेछ ।

**मुख्य गतिविधि:** सहभागीतामूलक बजार नक्शाङ्कन प्रवर्द्धन गर्ने, संयुक्त कार्ययोजना बनाउने, फोहर व्यवस्थापन कार्यमा संलग्न कामदार र जोखिमपूर्ण समूहका लागि नवीन र उपयुक्त सेवा प्रवर्द्धनका लागि सरोकारवालालाई प्राविधिक सहयोग प्रदान गर्ने ।

*अपेक्षित उपलब्धि ४:* समावेशी सामाजिक संरक्षणका लागि सरोकारवाला र नीतिनिर्मातालाई प्रभाव पार्न फोहर व्यवस्थापन अनौपचारिक क्षेत्रका कामदारको सहकार्यमा भएका सिकाई तथा दस्तावेजको अभिलेख बनाइ वितरण गरिनेछ । यस कार्यअन्तर्गत नगरपालिका, सरकार र समाजले फोहर व्यवस्थापनमा संलग्न कामदारको योगदानको पहिचान गराउनका लागि सामाजिक सुरक्षा नीतिनिर्माणमा सहयोग गर्नेछ । राष्ट्रिय तथा स्थानीय तहका नीतिनिर्माता र निर्णयकर्ताका बीचमा पैरवी विस्तार गर्नका लागि विभिन्न कार्यशाला गोष्ठीमार्फत् सामाजिक संरक्षण योजनाका सफलताका कथा, मुख्य सिकाई दस्तावेज र सहभागीतामूलक भिडियो जस्ता प्रभावकारी सामग्रीहरू प्रकाशन तथा उत्पादन र वितरण गरिनेछ ।

**मुख्य गतिविधि:** सामाजिक संरक्षण र पहिचान सम्बन्धित सहभागीतामूलक भिडियो बनाउने, अन्तर्राष्ट्रिय राम्रा अभ्यास, सिकाई र परियोजनाको क्रियाकलाप प्रचारप्रसार गर्ने, सञ्चालित योजनाबाट ज्ञानका सामग्री तथा सफलताका कथा लेख्ने र प्रकाशित गर्ने, फोहर व्यवस्थापनका विद्यमान अभ्यास र नीतिको समीक्षा गर्ने, नीतिमा देखिएका मुख्य अन्तर र कमीलाई प्रचारप्रसार गर्ने, संरक्षण र सामाजिक समावेशी पहिचानका नीतिमा प्रभाव पार्नका लागि राष्ट्रियस्तरको कार्यशाला गोष्ठीको आयोजना गर्ने ।

**थप जानकारीका लागि**
प्राक्टिकल एक्शन नेपाल कार्यालय पोष्ट बक्स् नं. १५१३५, घर नं. २६७७
नारायण गोपाल सडक, महाराजगञ्ज काठमाडौं, नेपाल
फोनः ०१ ४७२०७६१, ४७२०८०३
इमेलः info@practicalaction.org.np, वेबः www.practicalaction.org

EUROPEAN UNION

PRACTICAL ACTION
Technology challenging poverty